# इस्लामको बारेमा

For a complete list of flyers click here
or visit us online

www.**islamic**ic.com/flyers

سبيلك للسلام

*Your Path To Peace..*

# इस्लामको बारेमा

7 - NEPALI | نبذة عن الإسلام (1/10) | FREE COPY

## एउटा संक्षिप्त परिचय



Dar Al Ber Society

www.daralber.ae

*Your Path To Peace..*

مركز المعلومات الإسلامي
Islamic Information Center

www.islamicic.com

تصريح رقم: (2017/139) دائرة الشؤون الإسلامية والعمل الخيري

# इस्लामको बारेमा

इस्लाम एउटा प्राकृतिक र सम्पूर्ण जीवनशैली हो । यसले सबैलाई आफ्नो सृष्टिकर्ता (ईश्वर) संगको सम्बन्धमाथि ध्यान पुऱ्याउन प्रोत्साहित गर्छ। ईश्वरको नजिक भएर, उसको मार्गदर्शनको अनुसरण गरेर तथा असल काम गरेर मानिसले वास्तविक तथा दिगो खुशी र शान्ति पाउँछ भन्ने कुरा यसले सिकाउँछ ।

मुस्लिमहरु संसारको जनसंख्याको पाँच भागमा एक भाग जति छन् जसले इस्लामलाई संसारको ठुलो धर्महरु मध्ये एक बनाउँछ । एकमात्र वास्तविक परमेश्वरमाथि आस्था गर्नु र उसको मात्र पूजा गर्नु जीवनको उद्देश्य र इस्लामको आधार हो ।

इस्लामको एउटा विशेषता के छ भने अरु धर्महरु भन्दा फरक यसको नाम कुनै व्यक्ति वा समूहको नामको आधारमा राखिएको छैन ।

अरबी शब्द "इस्लाम" को अर्थ हो "समर्पण" त्यो एकमात्र वास्तविक ईश्वरलाई । जसले स्वेक्षाले आफ्नो इच्छा ईश्वरलाई समर्पण गर्दछ उसलाई मुस्लिम भनिन्छ चाहे ऊ कुनै पनि नस्ल या जातको किन नहोस् ।

## आस्थाका ६ वटा आधारहरु

अल्लाह एकमात्र वास्तविक ईश्वरको व्यक्तिगत नाम हो ।

### १. अल्लाह माथि आस्था

अल्लाह एकमात्र वास्तविक ईश्वरको अद्वितीय अरबी नाम हो । अल्लाहको कुनै प्रतिद्वंदी, साझेदार, बराबर, छोराछोरी वा आमाबाबु छैन । ऊ आफ्नो सृष्टि जस्तो छैन किनभने कुनै पनि कुराले उसको अलौकिक सार र सम्पूर्ण (त्रुटीरहित) गुणहरुलाई साझा गर्न सक्दैन । सृष्टिकर्ता, परमदयालु, सर्वोच्च, सर्वशक्तिमान, सबैभन्दा बढी न्यायी, सम्पूर्ण विवेकशील, पालनकर्ता, सर्वज्ञ आदि उसका केहि नाम र गुणहरु हुन् ।

ऊ सबै कुराहरुको सृष्टिकर्ता तथा पालनकर्ता हो जसले हामी माथि अनगन्ती अनुग्रहहरु गरेको छ जस्तै कि हाम्रो सुन्ने, हेर्ने र सोच्ने क्षमता साथसाथै हाम्रो हिड्ने, बोल्ने र उपयोगी हुने क्षमता सबै उसैका अनुग्रहहरु हुन् । त्यसैले हामीहरुले उसको मार्गदर्शन को अनुसरण गरेर उसलाई नै मान्नु, धन्यवाद ज्ञापन गर्नु र पूजा गर्नुपर्छ ।

यत्रो जटिल र सन्तुलित ब्रम्हाण्डको अस्तित्व कुनै शक्तिशाली र अति बुद्धिमान सत्ता (शक्ति) बाहेक कोहि अरु द्वारा सम्भव हुन सक्दैन भन्ने निस्कर्षमा पुग्नु तर्कसंगत हो । त्यसैले यो ब्रम्हाण्डले आफ्नो सृष्टि आफैं गर्यो अथवा यो ब्रम्हाण्ड कुनै जथाभावी तथा आकस्मिक घटनाको नतिजा हो भन्ने कुरामा विश्वास गर्नु तर्कविरुद्ध काम हो ।

## २. फरिश्ता (देवदूत) माथि आस्था

फरिश्ताहरु प्रकाशले बनेका हुन्छन्, उनीहरुको निर्धारित कामहरु हुन्छन् र उनीहरुले कहिल्यै पनि आफ्नो सृष्टिकर्ताको अवज्ञा गर्दैनन् । उनीहरु मध्ये केहीका विवरण खुलाइएको छ, जस्तै कि "जिब्रील" जसको काम अल्लाहको सन्देशलाई उसका संदेष्टाहरु सम्म पुर्याउनु हो, मृत्युका फरिश्ताहरु जसको काम प्राण निकाल्नु हो आदि ।

## ३. अल्लाहले अवतरित गरेका किताबहरु माथि आस्था

अल्लाहले मानिसको मार्गदर्शनको लागि कृपा स्वरुप आफ्नो अलौकिक प्रकाशना (संदेश) आफ्ना संदेष्टाहरु लाई प्रदान गर्नुभयो । यी सन्देशहरुमा सामेल छ मोसेस (मुसा र मोसा) लाई प्रदान गरिएको तौरात, जिसस (ईसा र येशु) लाई प्रदान गरिएको गोस्पेल (इन्जील) र मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) लाई प्रदान गरिएको कुरान ।
कुरान विशुद्ध रुपले ईश्वरको शब्द र उसको अन्तिम प्रकाशन (संदेश) हो जो कि सम्पूर्ण मानवताको लागि छ । विभिन्न स्पष्ट संकेत र चमत्कारहरुले यो ईश्वर द्वारा अवतरित गरिएको संदेश भएको कुरा पुष्टि गर्दछ । यसका केही उदाहरणहरु यस प्रकार छन्

- यस कुरानमा रहेको संदेश सरल, शुद्ध र सार्वभौमिक छ र ईश्वरको बारेमा रहेको मानिसको मूलभूत आस्थाको सम्बन्धमा मानिसको मन छुने खालको छ ।

- यसमा रहेको भाषाको शैली अनौठो छ जसलाई संसारभरि अरबी भाषाको सर्वोत्कृष्ट र सबै भन्दा सुन्दर नमूना मानिएको छ . तर यो ग्रन्थ मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) माथि अवतरित भएको थियो जसको बारेमा ऐतिहासिक तथ्य रहेको छ कि उहाँले पढ्न लेख्न जान्नु हुँदैन थियो ।

- यो ग्रन्थ १४०० वर्ष अगाडी अवतरित भए पनि यसमा यस्ता अनेकौं वैज्ञानिक तथ्यहरु उल्लेखित छन् जसको बारेमा विज्ञानले भर्खरै मात्र पत्ता लगाएको छ ।

- अरबी भाषामा अवतरित भए देखि आज सम्म कुरानमा भएका एक-एक शब्द आफ्नो वास्तविक स्वरुपमा संरक्षित छन् जबकि अरु धर्मग्रन्थहरु विकृत पारिए, बदलिए वा हराए ।

कुरान को अर्को चमत्कार यो हो कि यो कुनै पनि गलती वा विरोधाभास बाट मुक्त छ ।

कुरानका विभिन्न अनौठा र चमत्कारिक पक्षहरुको सबै भन्दा तर्कपूर्ण व्याख्या यो मात्र हुन सक्छ कि यो स्वयं ईश्वर द्वारा नै पठाइएको हो । मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) को प्रमाणित भनाइ तथा कार्यहरुको साथमा यो कुरान इस्लामी ज्ञानको प्रमुख स्रोत हो ।

## ४. ईश्वरका संदेष्टाहरु माथि आस्था

अल्लाहले आफ्नो संदेश दिन हजारौं (हरेक समूहमा कम्तिमा एउटा) संदेष्टाहरु यस संसारमा पठाउनु भएको छ भन्ने मुस्लिमहरुको आस्था रहेको छ । यी संदेष्टाहरुमा आदम, नूह, इब्राहीम, दाऊद, युसुफ, मूसा (मोसा), ईसा (येशु) र मुहम्मद (उहाँ सबै माथि शान्ति होस्) सामेल छन् । यी सबै संदेष्टाहरुको लक्ष्य सबै मानिसहरुलाई एक मात्र वास्तविक ईश्वरको पूजा तिर फर्कन लगाउनु, ईश्वरको आदेशको पालना कसरी गर्ने हो भन्ने जीवन्त उदाहरण को रुपमा प्रस्तुत हुनु र मानिसहरुलाई मुक्तिको बाटो तिर मार्गदर्शन गर्नु थियो । यी संदेष्टाहरुले ईश्वरको कुनै पनि ईश्वरत्व (अलौकिक गुण) लाई धारण (साझा) गरेका थिएनन त्यसैले कुनै पनि प्रकारले यी संदेष्टाहरुलाई प्रार्थना वा पूजा गर्नु अथवा यिनीहरुको मार्फत ईश्वरलाई पूजा गर्न खोज्नु इस्लाम मा कडाइको साथ प्रतिबन्धित छ र एक ईश्वरको मात्र पूजा हुनु पर्ने ईश्वरको अधिकार को उल्लंघन मानिन्छ ।

## - ईश्वरको संदेष्टा ईसा (येशु)

येशु ईश्वरको एउटा आदरणीय संदेष्टा हुनुहुन्छ जो चमत्कारिक रुपले कुमारी मरियमको पेट बाट जन्मनु भएको हो भन्ने मुस्लिमहरुको आस्था रहेको छ। उहाँले ईश्वरको आज्ञाले थुप्रै चमत्कारहरु गर्नु भयो, जस्तै रोगीहरुलाई निको पार्नु, अन्धोलाई हेर्न सक्षम बनाउनु र आफू काखे बालक हुँदा आफ्नो आमा माथि दोष लगाईंदा आफ्नो आमाको रक्षाको लागि बोलेर आफ्नो आमालाई निर्दोष र पवित्र घोषित गर्नु। मुस्लिमहरुले येशुलाई सम्मान र माया गरेपनि उहाँको पूजा भने गर्दैनन्। इस्लाममा उहाँलाई ईश्वर को छोरा, त्रियक मध्ये एक अथवा ईश्वरको सम्पूर्ण (दोष रहित) गुणहरु मध्ये कुनै गुणको धारक मानिंदैन।

अल्लाहले कुरानमा भन्नु हुन्छ, "एउटा छोरा पाउनु अल्लाहको लागि सुहाउँदो कुरा हैन ; ऊ (यी सबै कुराहरु बाट) उच्च छ ! जब उसले कुनै कुराको निर्णय गर्छ भने उसले भन्छ 'हुव' र त्यो हुन्छ।" (कुरान १९ :३५)

## - ईश्वरको संदेष्टा मुहम्मद

मुहम्मद ईश्वरका अन्तिम संदेष्टा हुनुहुन्छ जसलाई सम्पूर्ण मानवताका लागि पठाइएको हो। उहाँ कुरानको साथमा आउनु भयो र यसको शिक्षालाई कसरी लागू गर्नुपर्छ भन्ने कुरालाई स्वयं प्रदर्शन गर्नुभयो। उहाँ एउटा इमानदार, न्यायी, दयावान, करुणामय, सत्यवादी तथा बहादुर मानिसको सर्वोत्तम उदाहरण हुनुहुन्थ्यो. तर येशु झैं मुस्लिमहरुले मुहम्मद को पनि पूजा गर्दैनन्।

## ५. न्यायको (अन्तिम) दिन माथि आस्था

न्यायको (अन्तिम) दिन टार्न नसकिने एउटा यस्तो दिन हो जसमा हामी सबै हाम्रा सृष्टिकर्ता ईश्वरको सामु उभिनेछौं अनि हामीलाई हामीले संसारमा गरेका राम्रा र नराम्रा कर्मको बारेमा प्रश्न गरिनेछ। हाम्रो प्रत्येक कर्मको हिसाब हुनेछ चाहे त्यो कर्म कति नै सानो किन वा ठूलो किन नहोस्।

यस महत्वपूर्ण दिन न्याय गर्नेहरुमा सर्वश्रेष्ठ अल्लाहले हरेक कुराको हिसाब न्यायपूर्ण तरीकाले गर्नुहुनेछ तथा कसैसित पनि अन्याय गरिने छैन। सबैको साथमा न्याय गरिने छ ; त्यो न्यायको नतीजा स्वर्गको इनामको रुपमा होस् अथवा नर्कको सजायको रुपमा।

न्यायको दिनको अभावमा यो जीवन साह्रै नै अन्यायपूर्ण प्रतीक हुन्थ्यो किनभने यस संसारमा हरेकले न्याय पाउन सक्दैन।

## ६. भाग्यमाथि आस्था

अल्लाहलाई भूत, वर्तमान तथा भविष्यको हरेक कुराको ज्ञान छ। उसको हरेक कुरामाथि प्रभुत्व छ। कुनैपनि कुरा उसको ज्ञानमा नआई र उसको आज्ञा बिना घटित हुँदैन।

हरेक व्यक्तिलाई राम्रो अथवा नराम्रोको बीचमा चुनाव गर्ने स्वेच्छा प्रदान गरिएको छ र त्यसैको आधारमा उसको फैसला हुन्छ।

मानिस सँग स्वेच्छा भएको तथ्य र हरेक घटना अल्लाहको ज्ञान र आज्ञा अनुसार मात्र हुने तथ्यको बीचमा कुनै विरोधाभास छैन। न त यसको अर्थ यो नै हो कि ईश्वरको हरेक कुरा माथि प्रभुत्व हुने तथ्यले मानिसको स्वेच्छामा कुनै प्रकारको बाधा अड्चन पुर्याउँछ। मानिसले गर्ने निर्णयहरुको बारेमा ईश्वर सँग पहिले नै ज्ञान हुनु को अर्थ पक्कै पनि हैन कि ईश्वर ले मानिसलाई त्यो निर्णय गर्न विवश पार्छ र ईश्वरले घटित हुन दिएको प्रत्येक कुरा सित ईश्वर खुशी हुन्छ।

# आराधनाका पाँच वटा आधारस्तम्भहरु
## एउटा मुस्लिमको जीवनको आधार

## १. आस्थाको घोषणा

आस्थाको घोषणा भन्नाले यो गवाही दिनु हो कि अल्लाह बाहेक कोही पनि पूजाको लायक छैन र मुहम्मद अल्लाहका संदेष्टा (दूत) हुनुहुन्छ।

यो घोषणा मनको ईमानदार तथा दृढ आस्था माथि आधारित हुनु पर्छ र त्यसपछि त्यस अनुसार आचरण पनि गर्नु पर्छ। यो घोषणाको साथ मानिसले सारा झूठा उपास्यहरुको त्याग गर्छ, एक अल्लाह मात्र पूजाको लायक छ भन्ने कुरा ठोकुवा गर्छ र अल्लाहको अन्तिम संदेष्टा लाई स्वीकार गर्छ ; तसर्थ ऊ मुस्लिम हुन्छ।

## २. दिनहुँ पाँच समय नमाज (प्रार्थना)

नमाज (प्रार्थना) ले मानिस र उसको सृष्टिकर्ता बीच व्यक्तिगत र आध्यात्मिक सम्बन्ध स्थापित गर्छ। ईश्वरको आज्ञापालन एउटा व्यक्तिको कर्तव्य हो भन्ने कुराको यो निरन्तर र व्यवहारिक सम्झना हो।

सुर्योदय भन्दा अगाडी, दिउँसो, साँझ, सुर्यास्त पछि र राति मा एक एक पटक गरि पाँच समयको नमाज छ।

हरेक नमाजलाई पूरा गर्न केहि मिनट मात्र लाग्छ। यसमा कुरानको वाचन, अल्लाहलाई बिन्ति, अल्लाहको गुणगान तथा विभिन्न क्रियाहरु सामेल हुन्छन्। नमाजको तयारीको लागि मुस्लिमहरुले शारीरिक तथा आध्यात्मिक पवित्रता सुनिश्चित गर्न आफ्नो शरीरका केहि भागहरु जस्तै अनुहार र हातहरु धुन्छन्।

## ३. वार्षिक दान

यदि कुनै मुस्लिमले एउटा निश्चित मापदण्ड पूरा गर्छ (जस्तै ऊ सित एउटा निश्चित अनुपात भन्दा बढी धन छ) भने वार्षिक दान ऊ माथि अनिवार्य हुन्छ।

वार्षिक बचतको २.५ प्रतिशत योग्य व्यक्तिहरु जस्तै गरीब, खाँचोमा परेकाहरु अथवा ऋणमा परेका हरुलाई दान गरिन्छ। यसले मानिसको धनलाई शुद्ध पार्छ र दान गर्ने तथा दान लिने दुवैलाई फाइदा पुर्‍याउँछ। धनी र गरीब बीचको दूरी लाई कम पार्नु यसको फाइदाहरु मध्ये एउटा हो जसले गर्दा सबैको आधारभूत आवश्यकता पूरा हुन्छ भन्ने कुरा सुनिश्चित हुन्छ।

## ४. वार्षिक व्रत

हरेक वर्ष रमादान को महिनामा मुस्लिमहरु सुर्य उदाउनु भन्दा अगाडि देखि सुर्य अस्ताउन्जेल सम्म खाने, पिउने र यौन सम्बन्ध राख्ने जस्ता काम बाट टाढा बसि व्रत बस्ने गर्दछन्।

यसले आत्मशुद्धि गर्ने तथा धैर्य र आत्मसंयम बढाउने काम को साथसाथै स्वास्थ्यलाई विभिन्न किसिमका फाइदाहरु पुर्‍याउँछ।

रमादान इस्लामी कैलेंडर को नवौं महिना हो।

Reference: www.islamicpamphlets.com

## ५. हज (तीर्थ)

यदि एउटा मुस्लिम शारीरिक र मानसिक रुपले सक्षम छ भने उसले जीवनमा एक पटक साउदी अरेबियामा रहेको पवित्र शहर मक्का को तीर्थ (हज) अवश्य गर्नु पर्छ ।

हरेक तीर्थ यात्रीले एकनासको साधारण लुगा लगाउँछ जसले वर्ग र संस्कृतिको भेदभाव लाई च्याति फ्याँक्दछ ताकि अल्लाहको अगाडी सबै बराबर बनेर उभिउन् ।

यो वार्षिक रुपले इस्लामी कैलेडंर को १२ औं महिनामा पर्छ जब विभिन्न रंग, जाति, सामाजिक स्तर र उमेरका व्यक्तिहरु एकताबद्ध भई एक मात्र वास्तविक ईश्वरको उपासना गर्दछन् । यो महान यात्रामा धेरै घटकहरु हुन्छन् जसमा विभिन्न स्थानहरुमा बलिदान, यात्रा र प्रार्थना सामेल छन् । यस्तो अनुभव मानिसको जीवन नै बदलिने खालको हुन्छ जसले मानिसलाई नम्र पार्छ तथा उसलाई झन् बढी धैर्यवान र कृतज्ञ बनाउँछ ।

# आराधनाको अवधारणा

त्यो हरेक कुरा जसबाट अल्लाह प्रसन्न हुनुहुन्छ ।

इस्लामको आराधनाको अवधारणा मात्र ५ वटा आधारस्तम्भ सम्म सीमित छैन । उपासना जसलाई अरबीमा इबादत भनिन्छ एउटा यस्तो शब्द हो जसमा त्यो हरेक काम सामेल छ जसबाट अल्लाह प्रसन्न हुनुहुन्छ । हाम्रो नियत सफा राखे र अल्लाहले दिएको दिशानिर्देश अनुसार हाम्रो काम भएको छ भन्ने कुरा निश्चित् गरे हाम्रो दिन प्रतिदिनको काम पनि आराधना बन्न सक्छ । उदाहरणको लागि मुस्काउनु, आफ्नो छिमेकी सित राम्रो व्यवहार गर्नु, आफ्नो परिवार को भरण-पोषण गर्नु, ईमानदार हुनु अथवा बाटो बाट फोहोर हटाउनु जस्तो साधारण काम पनि आराधना बन्न सक्छ ।

अल्लाहलाई हाम्रो आराधना पूजाको कुनै आवश्यकता छैन बरु हामीलाई नै उसको आवश्यकता छ र हाम्रो आराधना हाम्रो आफ्नै फाइदाको लागि हो भन्ने कुरा ध्यानमा राख्नु पर्छ ।

# निस्कर्ष

माथि उल्लेख गरिएका आस्थाका पक्षहरु र आराधनाका कार्यहरु नै इस्लामको सार हो । यदि अभ्यासमा ल्याइयोस् भने इस्लामले सबै मानिसको आध्यात्मिक, शारीरिक, मनोवैज्ञानिक र सामाजिक आवश्यकतालाई पूरा गर्दछ । इस्लाम एउटा व्यवहारिक तथा तर्कपूर्ण जीवन शैली हो । साथसाथै यो एकमात्र जीवनशैली हो जो ईश्वर द्वारा स्वीकार्य छ र एकमात्र बाटो हो जसले अनन्त स्वर्गतिर डोर्याउँछ ।

आस्थावान रहेको अवस्थामा जसकसैले पनि राम्रो काम गर्छ - ऊ पुरुष होस् वा महिला - मैले निश्चय नै उनीहरुलाई उत्तम जीवन बाँच्न दिनेछु र मैले निश्चय नै उनीहरुलाई उनीहरुले गरेको सर्वोत्तम कर्म अनुसार (मृत्यु पछिको जीवनमा) पुरुस्कार दिनेछु . (कुरान १६ :९७)

www.islamicic.com WhatsApp +97156 2042 045
+971 4 3555 223 info@islamicic.com 25020 Dubai - UAE islamicicdxb
DONATIONS VIA SMS: SEND THE WORD "ISLAM" TO
10 AED 2289 Etisalat Du | 50 AED 2252 Etisalat Du | 100 AED 6027 Etisalat Du